HPV- DNA विधिवाट पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ कार्यविधि
(Standard Operating Procedure)

२०८०

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार कल्याण महाशाखा

भाग १

परिचय

१.१ पृष्ठभूमीः महिलाहरूमा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर प्रमुख क्यान्सर हो । Global Cancer Observatory, 2020 को प्रतिवेदन अनुसार नेपालमा वार्षिक अनुमानित २२४४ जना महिला हरूमा पाठेघरको मुखको क्यान्सर पत्ता लाग्ने गरेको छ भने १४९३ जना महिलाको पाठेघरको मुखको क्यान्सरका कारण मृत्यु हुने गरेको छ । यस हिसवाले नेपालमा पाठेघरको मुखको क्यान्सरका नयाँ बिरामी पत्ता लाग्ने दर (incidence rate) १६.४ प्रति लाख रहेको छ भने मृत्यु दर ११ प्रति लाख रहेको छ। ९-१४ वर्ष उमेर समूहका किशोरीहरूलाई तोकिएको मात्रामा खोप र ३० वर्ष माथीका उमेर समूहका महिलाहरूको स्क्रिनिङ गरी उपचार व्यवस्थापन गर्न सकिएमा पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न सकिन्छ । पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्न VIA, HPV DNA र pap smear लगायतका विधिहरू उपलव्ध छन् । विश्व स्वास्थ्य संगठनले HPV-DNA विधिलाई पाठेघरको मुखको क्यान्सर स्क्रिनिङको प्राथमिक विधिका रूपमा सिफारिश गरे अनुसार मानव विकास सुचकांक कम भएका, STI case वढी भएका, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ नभएको/ कम भएका ,पाठेघरको मुखको क्यान्सरका बिरामी वढी भएका र पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ सम्बन्धी तालिमप्राप्त व्यक्ति उपलब्ध भएका स्थानीय तहहरू छनौट गरी HPV-DNA विधिबाट पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ सेवा सञ्चालन सुरू भएको छ ।

जिल्ला	स्थानीयतह
महोतरी	औरही गाउँपालिका
रौतहट	चन्द्रपुर र परोहा नगरपालिका
सर्लाही	लालवन्दी, हरिवन, मलंगवा नगरपालिका र इश्वरपुर गाउँपालिका
ललितपुर	ललितपुर महानगरपालिका र गोदावरी नगरपालिका
पाल्पा	रामपुर नगरपालिका र रम्भा गाउँपालिका
दोलखा	भिमसेन नगरपालिका
सिन्धुपाल्चोक	बाह्रविसे नगरपालिका
सुनसरी	धरान उपमहानगरपालिका

१.२ परिचयः पाठेघरको मुखको क्यान्सर HPV नामक भाइरबाट हुने गर्दछ । यो भाईरस यौन सम्पर्कबाट महिलामा सर्दछ । पाठेघरको मुखको क्यान्सरमध्ये ७० प्रतिशत भन्दा वढी क्यान्सर Human Papilloma Virus को १६ र १८ प्रजातिका कारण हुन्छ । Human Papilloma Virus सजिलै पत्ता लगाउन सकिन्छ । समयमै पत्ता लगाई उपचार व्यवस्थापन भएमा पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न सकिन्छ । पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्न VIA, HPV DNA र pap smear लगायतका विधिहरू उपलव्ध छन् ।



१.३ पाठेघरको मुखको क्यान्सर स्क्रिनिङको उद्देश्यः पाठेघरको मुखको क्यान्सर स्क्रिनिङको उद्देश्य महिलामा हुने पाठेघरको मुखको क्यान्सर र क्यान्सर पूर्वको अवस्था (pre-cancer lesion) समयमै पहिचान गरी उपचार व्यवस्थापन गर्नु हो । विश्व स्वास्थ्य संगठनले पाठेघरको मुखको क्यान्सर रोकथाम गर्न निम्न रणनीति सिफारिस गरेको छ । उक्त रणनीतिको कार्यान्वनले पाठेघरको मुखको क्यान्सरबाट हुने मृत्यु सन् २०३० सम्म ३० प्रतिशत घटने अनुमान गरिएको छ ।

- ९ देखि १४ वर्ष सम्मको उमेरका ९०% बालिकाहरुलाई HPV खोपको पूर्ण मात्रा उपलब्ध गराउने ,
- ३० वर्ष माथीका ७० % महिलाहरूको उच्च गुणस्तरीय विधिबाट २ पटक स्क्रिनिङ गर्ने ।
- स्क्रिनिङ पोजेटिभ भएका वा pre-cancer lesion भएका ९० % महिलाको उपचार हेरचाह गर्ने ।

भाग २

स्क्रिनिङ सेवा सञ्चालन

२.१ स्क्रिनिङ गर्नु पर्ने उमेर समूहः निम्नानुसारका उमेर समुहका महिलाहरूको DNA मा आधारित HPV को स्क्रिनिङ तोकिएको अन्तरालमा गर्नु पर्दछ ।

लक्षित समूह	उमेर समूह	अन्तराल
एच आइ भी संक्रमित महिला	२५ वर्षको उमेर देखि माथी	हरेक ३/३ वर्षमा
एच आइ भी संक्रमण नभएका महिला	३० वर्ष देखि माथी	हरेक ५ /५ वर्षमा

पुनश्चः HPV खोप पाएका लक्षित समूहका महिलाको समेत पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गर्नु पर्दछ ।

२.२ लक्षित समूहको विवरण संकलनः स्थानीय तहले हरेक आर्थिक वर्षको सुरूमा निम्नानुसारको फाराममा लक्षित समूहका महिलाको(अस्थायी बसोवास गरेका समेत) विवरण संकलन र अद्यावधिक गर्नु पर्दछ । नमसंकलित विवरणका आधारमा लक्षित समूहका महिलाको स्क्रिनिङ भएको र स्क्रिनिङ हुन बाँकी महिलाको अनुगमन गर्न सहज हुनेछ । HPV-DNA विधिवाट स्क्रिनिङ गर्दा नेगेटिभ नतिजा भएका महिलाको ५ वर्षसम्म पुनः स्क्रिनिङ गरिरहन नपर्ने भएकोले परीक्षणको नजिता अद्यावधिक गरी राख्नु पर्दछ ।

स्थानीय तहको नामः **वडा नः** **गाउँ/टोलः** **विवरण संकलन मिति**

क्र.स.	नाम थर	सम्पर्क नं.	जन्म साल/ उमेर	HPV DNA विधिबाट स्क्रिनिङ			चालु आ. व. मा स्क्रिनिङ		
				नभएको	भएको साल	नतिजा(पोजेटिभ नेगेटीभ)	गर्नुपर्ने* भए (✔ गर्नु होस्)	स्क्रिनिङ गरेको मिति	नतिजा

*** ५ वर्ष भित्र स्क्रिनिङ नगराएको वा १ वर्ष अघी गराउँदा पोजेटिभ आएको ।**

२.३ स्क्रिनिङ सेवा सञ्चालन गर्ने स्थानः स्थानीय तहले आवश्यकता र औचित्यताका आधारमा स्वास्थ्य संस्थामा वा घुम्ती शिविर सञ्चालन गरी पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गर्नु पर्दछ ।

२.३.१. स्वास्थ्य संस्थाः स्वास्थ्य संस्थामा निम्नानुसारका सेवा लिन आएका लक्षित समूहका महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर सम्बन्धी परामर्श दिई पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गर्नु पर्दछ ।

- स्त्रीरोग सम्बन्धी बहिरंग सेवा,
- सुत्केरी पछिको सेवा १४ हप्ता पछि
- गर्भपतन सेवा
- बाँझोपन उपचार सेवा,
- यौन रोग उपचार सेवा
- आइ यू सि डी राख्दा वा झिक्दा,
- खोप सेवा

महिलालाई स्वास्थ्य संस्था आउनु पर्ने पटक कम गर्न र डिफल्टर हुन नदिन स्क्रिनिङ पछि आवश्यक पर्ने थप परिक्षण र उपचार समेतको व्यवस्था सोही समयमा सोही संस्थामा (single visit approach) गर्ने व्यवस्था गर्नु पर्दछ ।

२.३.२. शिविर: गाउँ/ टोलमा शिविर मार्फत पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ सेवा सञ्चालन भएमा लक्षित महिलाको सहभागिता हुन्छ । यसरी शिविर सञ्चालन गर्दा स्क्रिनिङ सेवा सञ्चालन नभएका वडा, स्वास्थ्य सेवा लिन छुट भएको समुदाय, स्वास्थ्य संस्थाबाट टाढाँ रहेको गाउँ /वस्ति र न्युन आय भएका तथा सिमान्तकृत व्यक्तिहरूको बसोवास भएको क्षेत्रलाई प्राथममिकतामा राख्नु पर्दछ।

गैह्र सरकारी संस्थाहरूले शिविर सञ्चालन गर्दा अनिवार्य रूपमा स्थानीय तहसंग समन्वय गर्नु पर्दछ। यसरी स्क्रिनिङ गरेका महिलाहरूमा थय परिक्षण उपचार व्यवस्थापनको समेत सुनिश्चित भएको हुनु पर्दछ। समुदायमा सेवा दिएको पाठेघरको मुखको स्क्रिनिङ सेवाको विवरण शिविर सञ्चालन भएको वडामा रहेको स्वास्थ्य संस्थाको प्रजनन रूग्णता सेवा रजिष्टरमा अनिवार्य रूपमा अभिलेख राख्नु पर्दछ। समुदायमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गर्दा निम्नानुसार गर्नु पर्दछ।

(क) **स्थान छनौट**: शिविरका लागि स्थान छनौट गर्दा सेवाको पहूँचवाट टाँढा भएको बस्ती, सेवा लिन कम पिछडिएको वसोवास गर्ने ठाउँ छनौट गर्नु पर्दछ।

(ख) **अभिमुखीकरण**: शिविर सञ्चालन गर्न अघि समुदायलाई स्क्रिनिङ कार्यक्रम वारे जानकारी गराउन र महिला स्वास्थ्य स्वयम सेवकहरूका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

(ग) **तयारी**: शिविर सञ्चलान गर्न आवश्यक VTM, Kit, प्रजनन स्वास्थ्य रूग्णता सेवा रजिष्टर, फोहोरमैला व्यवस्थापन सम्बन्धी सामग्री लगायतका अन्य सामग्री तयारी अवस्थामा राख्नु पर्दछ।

(घ) **प्रचार प्रसार**: महिला स्वास्थ्य स्वयम सेविका परिचालन गरी घरदैलो भ्रमण गरी स्क्रिनिङ कार्यक्रम बारे प्रचार प्रसार गर्ने।

(ङ) **शिविर सञ्चालन**

१. तोकिएको स्थान र दिनमा समुदायमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ संचालन गर्नु पर्दछ।
२. शिविर सञ्चालन गर्दा सकेसम्म चाडवाडको दिन पार्नु हुदैन।
३. गोपनियता कायम हुने व्यवस्था गर्नु पर्दछ।
४. आकस्मिक तथा जटिलता व्यवस्थापन गर्न एम्बुलेन्स र सुविधायुक्त अस्पतालसंग समन्वय गर्नु पर्दछ
५. शिविरमा सेवा लिन छुट भएका सेवाग्राहीलाई स्वास्थ्य संस्थामा आई सेवा लिन अनुरोध गर्नु पर्दछ।
६. शिविर सञ्चालन भएको वडाको स्वास्थ्य संस्थामा रहेको प्रजनन स्वास्थ्य रूग्णता सेवा रजिष्टरमा स्क्रिनिङ सेवाको अभिलेख राख्नु पर्दछ।
७. शिविर संचालन गर्दा प्रजनन रुग्णता स्क्रिनिङ तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिविर संग एकिकृत रुपमा सञ्चालन गर्न सकिने छ।

पोजेटिभ नतिजा आएका महिलाहरूको थप परीक्षण र उपचार व्यवस्थापन गर्न स्थानीय तहले निश्चित दिन र स्वास्थ्य संस्था तोकी सेवा लिन आउन जानकारी गराउनु पर्दछ।

२.४ स्क्रिनिङ फ्लोचार्ट: गुणस्तरीय नमुना (sample) ले मात्र सही नतिजा प्राप्त हुन सक्दछ। स्क्रिनिघ पूर्व सेवाग्राहीलाई परामर्श, नमुन्ना संकलन र सङ्कलित नमुनालाई उचित किसिमले प्याकेजिङ र उपयुक्त तापक्रममा भण्डारण र प्रयोगशालासम्म ढुवानी गरूञ्जेलसम्म नमुनालाई उपयुक्त तापक्रममा भण्डारण र नमुना परिक्षण गर्ने प्रयोगशालासम्म ढुवानी व्यवस्थापन सम्बन्धी फलोचार्ट निम्नानुसार रहेको छ।

HPV DNA विधिबाट पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ फ्लोचार्ट



२.५ पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ अघिको परामर्शः पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गर्न अघी सेवाग्राही महिलालाई निम्नानुसार परामर्श दिनु पर्दछ।

- पाठेघरको मुखको क्यान्सरको कारण, स्क्रिनिङ, रोकथाम र उपचार बारे जानकारी दिनु होस्।
- DNA विधिबाट गरिने परीक्षणले शरिरमा क्यान्सरका जिवाणु (HPV) भए नभएको अवस्था पता लगाउन सकिने बारे जानकारी गराउनु होस।
- यो परीक्षणका लागि आवश्यक पर्ने नमुना पाठेघरको मुख (Cervix) वा योनी (Vagina) रसबाट लिन सकिने जानकारी गराउनु होस्,।
- HPV DNA विधिबाट गरिने परीक्षणकालागि आवश्यक पर्ने नमुना सेवाग्राही स्वयमले संकलन गर्न सक्ने जानकारी गराउनु होस।
- स्वयम नमुना संकलन गर्न इच्छुक महिलालाई स्वयम नमुना संकलन सम्बन्धी चित्रात्मक स्वास्थ्य शिक्षा सामग्री वा दृष्य सामग्री(उपलव्ध भएमा) को प्रयोग गरी नमुना संकलन प्रकृया बारे जानकारी गराउनु होस्।
- नमुना परीक्षणको नजिता प्राप्त गर्न बढीमा ३० दिन लाग्ने जानकारी दिनुहोस्।
- परीक्षणको नतिजा पोजेटिभ भएमा थप परीक्षण र उपचार गर्नु पर्ने कुराको जानकारी दिनु होस्।

३.६ नमुना संकलन गर्न आवश्यक पर्ने सामग्री: HPV- DNA विधिबाट परीक्षण गर्न आवश्यक पर्ने नमुना संकलन गर्न निम्नानुसारका सामग्रीहरू आवश्यक पर्दछन ।

स्वास्थ्य कर्मीको सहयोगमा नमुना संकलन	**स्वयम नमुना संकलन**
• नमुना संकलन स्वाव/ व्रस स्टिक	• नमुना संकलन स्वाव/ व्रस स्टिक
• VTM Tube with Transportation media	• VTM Tube with Transportation media
• जिप लक भएको प्लास्टिक ब्याग	• जिप लक भएको प्लास्टिक ब्याग
• बिरामी जाँच वेड (ऐच्छिक)	
• पेरी लाईट टर्च लाइट (ऐच्छिक)	
• पाउडर रहित ग्लोभ(ऐच्छिक)	
• Duck Speculum (ऐच्छिक)	

२.७ नमुना (Sample) संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरू:

- VTM ट्यूवको प्रयोग गर्न मिल्ने अवधि (expiry date), मिडिया चुहिएको वा सुकेको अवलोकन गर्नु होस्। (प्रयोग गर्न मिल्ने अवधि (expiry date) नाघेको, मिडिया चुहिएको वा सुकेको VTM ट्यूव प्रयोग नगर्नु होस ।
- नमुना संकलन गर्न प्रयोग गरिने ब्रस/स्वाव स्टिकको प्रयोग गर्न मिल्ने अवधि (expiry date), खोल च्यातिएको अवलोकन गर्न् होस । म्याद नाघेको, खोल च्यातिएको व्रस /स्वाव स्टिक प्रयोग नगर्नु होस ।
- सेवाग्राहीको नाम, उमेर दर्ता नं (सेवा रजिष्टर) र संकलन मिति र स्वास्थ्य संस्थालेखि VTM ट्यूव लेवलिङ गर्नुहोस् ।
- महिला स्वयम नमुना संकलन गर्न इच्छुक भएमा लेवलिङ गरिएको ट्युव उपलब्ध गराउनु होस र स्वयम नमुना संकलन सम्बन्धी चित्र भएको स्वास्थ्य शिक्षा सामग्री वा दृष्य सामग्री(उपलब्ध भएमा) को प्रयोग गरी नमुना संकलन प्रकृयाबारे जानकारी गराउनु होस् ।
- Ziplock भएको प्लास्टिक ब्यागमा राखिएका नमूना सहितका VTM ट्युवहरूलाई ठुलो आकारको Ziplock ब्यागमा राखी संकलित नमुनाको विवरण (सेवाग्राहीको नाम, उमेर, दर्ता नं र संकलन मिति र स्वास्थ्य संस्थाको नाम) सहित सो व्याग भित्र राख्नु होस ।

- VTM ट्युव भण्डारण गरेको कोठा/स्थानको तापक्रम २५ भएमा संकलित नमुना सहितको VTM ट्युवलाई तत्कालै cold box मा राख्नु पर्दछ ।

- स्क्रिनिङको रिपोर्टका लागि ३०औ दिनमा स्वास्थ्य संस्थामा सम्पर्क राख्न अनुरो गर्नु होस् ।
- सेवाग्राहीलाई स्वास्थ्य सेवा कार्ड उपलव्ध गराउनु होस र सेवाग्राहीको विवरण प्रजनन रूग्णता सेवा रजिष्टरमा अभिलेख गर्नु होस ।

२.८ नमुना संकलन विधि: पाठेघर मुखको क्यान्सर स्किनिङका लागि HPV- DNA विधिबाट परीक्षण गर्न आवश्यक पर्ने नमुना पाठेघरको मुख (Cervix) वा योनीवाट (Vagina) बाट संकलन गरिन्छ ।

२.८.१ स्वास्थ्यकर्मीबाट नमुना संकलनः

- नमुना संकलन बारे सेवाग्राही महिलालाई परामर्श दिनु होस र नमुना संकलन गर्न सेवाग्राहीको सहमति लिनु होस।
- योनीवाट वा पाठेघरको मुखबाट व्रस /स्वाव स्टीकको प्रयोग गरी नमुना संकलन गर्नुहोस्।
- संकलित नमुना सहितको व्रस / स्वाव स्टिक VTM मा राख्नु होस र VTM भन्दा वाहिर रहेको व्रस /स्वाव स्टिकको भाग (भाँच्ने संकेत गरिएको स्थानबाट) भाँच्नु होस् र डस्ट विनमा राख्नु होस।
- Ziplock भएको प्लास्टिक ब्यागमा राखी पुनः सेवाग्राहीको नाम, उमेर, दर्ता नं र संकलन मिति र स्वास्थ्य संस्थाको नाम लेख्नु होस्।







२.८.२ स्वयम /आफै नमुना (Sample) संकलन गर्ने विधिः स्वयम नमुना संकलन गर्न इच्छुक लक्षित समूहका महिलाले चित्रमा देखाए अनुसार नमुना संकलन गर्न सक्नेछन।

<table>
<tr><td> </td><td>सावुन पानीले हात धुनुहोस र हात सुख्खा हुन दिनु होस्।</td></tr>
<tr><td>
</td><td>नमूना संकलन गर्न प्राप्त भएको VTM टयुव लेवलिङ भएको सुनिश्चित गर्नु होस्।</td></tr>
<tr><td></td><td>प्राप्त् स्वाव/ व्रस स्टिकको Open ▲लेखेको भाग तिरवाट स्वाव/ व्रस स्टिक खोल्नुहोस
स्वाव /व्रसस्टिको खोलेकै भाग पट्टि समातेर नछोई विस्तारै वाहिर निकाल्नुहोस</td></tr>
<tr><td> </td><td>चित्रमा देखाए अनुसार एउटा खुट्टा केही अग्लो ठाउँमा राख्नु होस्।</td></tr>
<tr><td colspan="2">
चित्रमा देखाए अनुसार चोर औला र माझी औंलाले योनिको मुख खोल्नु होस र अर्को हातले ब्रस/स्वाव स्टिकको स्वाव/ब्रस भएपट्टिको झण्डै २ इन्च (मार्क गरिएको सम्म) भाग योनिभित्र घुसाउनु होस</td></tr>
</table>

<table>
<tr><td></td><td>योनिभित्र उक्त ब्रस/ स्वाव स्टिकलाई २ देखि ३ पटक विस्तारै घुमाउनुहोस र ब्रस/ स्वाव स्टिकलाई विस्तारै योनीबाट वाहिर निकाल्नुहोस ।
ध्यानाकर्षण: उक्त ब्रस/स्वाव भुईमा राख्नु हुदैन यदि भूईमा खसेमा नयाँ ब्रस/स्वाव स्टिक प्रयोग गर्नु होस ।</td></tr>
<tr><td colspan="2">

१. पहिले नै लेवलिङ गरिएको VTM को विर्को सहयोगीलाई खोल्न लगाउनुहोस ।
२. संकलन गरिएको नमुनाको स्वाव/ ब्रस स्टिक VTM भित्र राख्नुहोस ।
३. VTM टयूव भन्दा वाहिर निस्केको ब्रस /स्वाव स्टिकको वाँकी भाग भाँच्नुहोस ।
४. VTM टयूवको विर्को राम्ररी वन्द गर्नु होस ।
५. VTM टयूवको लाई ZIP lock Bag मा राखी स्वास्थ्यकर्मीलाई दिनुहोस ।</td></tr>
</table>

२.९ संकलित नमुना (Sample) प्याकेजिङ र भण्डारण:

१. संकलित नमुना (स्वयम संकलन वा स्वास्थ्य कर्मीको सहयोगमा संकलन) सहितको VTM ट्यूवलाई छिद्र रहित जीपलक प्लास्टिक व्यागमा राखी **सेवाग्राहीको नाम, सेवा दर्ता नं(आइ डी) नमुना संकलन मिति संस्थाको नाम,** लेख्नु होस् वा टाँस्नु होस् ।

२. माथी १ नं बुदाँ अनुसार जीप लक ब्यागहरूलाई पुनः ठुलो जीपलक प्लास्टिक व्यागमा राखी कन्टेनर वा आइस प्याक सहितको वक्समा राख्नु होस् ।

३. यदि प्रयोगशालामा पठाउन केही समय लाग्ने भएमा वा कोठाको तापक्रम २५ डी से भन्दा वढी भएमा २ देखि ८ डी. से. तापक्रम व्यवस्था हुने गरी फ्रिजमा भण्डारण गर्नु होस् ।

नोटः संकलित नमुना परिक्षण नभएसम्म एकै किसिमको तापक्रममा भण्डारण गर्नु पर्दछ । एक पटक २ देखि ८ डी. से. तापक्रममा भण्डारण गरेको नमूना पुनः कोठाको तापक्रममा राख्नु हुदैन ।

२.१० नमुना (Sample) को ढुवानी: स्थानीय तहले स्वास्थ्य संस्था वा शिविरमा संकलित नमुनाहरू निम्नानुसार ढुवानी व्यवस्था मिलाउनु पर्दछ ।

क) **स्वास्थ्य संस्थाबाट स्थानीय तहसम्म:** संस्थामा वा घुम्ति शिविरमा संकलन भएका नमुनाहरू उचित तवरले प्याकेजिङ र उपयुक्त तापक्रम व्यवस्थापन गरी यथासक्य चाँडो स्थानीय तहमा पठाउनु पर्दछ ।

ख) **स्थानीय तहबाट प्रयोगशालासम्म:** स्वास्थ्य संस्थाहरूले पठाएका नमुनाहरू संकलन भएको मितिले १४ दिनभित्र मापदण्ड पुरा गरेका HPV DNA परीक्षण हुने प्रयोगशालमा पठाउनु पर्दछ । यसरी नमुना पठाउँदा संकलित नमुनाको विवरण (अनुसूची १) परिक्षाण अनुरोध पत्र (अनुसूची २) साथ संलग्न राखी साथ पठाउनु पर्दछ ।

ग) **ढुवानी गर्दाको तापक्रम:** ढुवानी गर्दा तापक्रम २५ डिग्री सेन्टिग्रेड वा कम हुनु पर्दछ यदि सो भन्दा वढी तापक्रम हुने अवस्था भएमा ढुवानी गर्ने कन्टेनरमा/वाकसमा २ देखी ८ डीग्री सेन्टिग्रेड तापक्रम व्यवस्थापन हुने गरी आइस प्याकहरू राखी ढुवानी गर्ने व्यवस्था गर्नु पर्दछ ।

भाग ३

नमुना परीक्षण, नतिजा पछिको परामर्श, उपचार र प्रेषण

३.१ नमुना प्राप्तिः स्थानीय तहले परीक्षणका लागि पठाएका नमुनाहरू प्राप्त भए पछि प्रयोगशालाका जिम्मेवार कर्मचारीले जाँच गरी हेरि प्राप्त संख्या उल्लेख गरी नाम पद र मिति लेखि हस्ताक्षर गरि दिनु पर्दछ। साथै नमुना प्राप्त गर्ने कर्मचारीले निम्न कुरामा ध्यान दिनु पर्दछ।

- नमुना परीक्षण अनुरोध पत्रमा उल्लेखित संख्यामा नमुनाहरू भए नभएको सुनिश्चित गर्नुहोस।
- प्राप्त नमुना VTM र जीपलक व्यागमा लेवलिङ नगरिएका, उल्लेखित विवरण मेटिएका, अस्पष्ट भएका वा दोहोरो विवरण भएका नमुनाहरू छुट्याएर अलग राख्नुहोस्।

३.२ नमुना परीक्षण गर्न नमिल्ने अवस्थाः देहायको अवस्थामा नमुना परीक्षण गर्नु हुदैन। प्रयोगशालाले स्थानियबाट नमुना साथ प्राप्त विवरणमा फाराममा नमुना(**Sample**)परीक्षण हुन नसक्ने अवस्था जनाउनु पर्दछ।

- VTM ट्यूवमा उल्लेखित नाम मेटिएको, दोहोरो नाम उल्लेख भएको, अस्पष्ट भएको वा लेवलनै नभएको,
- ढुवानी गर्दाको तापक्रम २५ डिग्री सेन्टिग्रेड भन्दा वढी भएको
- नमुना संकलन मिति भन्दा १४ दिन भन्दा वढी अवधिको
- VTM ट्यूव फुटेको वाTransfer media चुहिएको वा सुकेको

३.३ नमुना परीक्षणः पाठेघरको मुखको क्यान्सर स्क्रिनिङका लागि संकलित नमुना Real time PCR प्रविधि युक्त प्रयोगशालामा परीक्षण गर्नु पर्दछ। परीक्षण गरिने प्रयोगशाला प्रचलित कानून बमोजिम दर्ता भएको र सञ्चालन गर्ने अनुमति प्राप्त गरेको हुनु पर्दछ। साथै प्रयोगशालामा प्रयोग हुने औजार, उपकरण, कीट र सामग्रीहरू राष्ट्रिय मापदण्ड अनुसार प्रमाणीकरण भएको हुनु पर्दछ। राष्ट्रिय जनस्वाथ्य प्रयोगशाला तथा प्रदेश जनसस्वास्थ्य प्रयोगशालाले संकलित नमुना प्राप्त भएको मितिले १० दिन भित्र परीक्षण गरी सो को प्रतिवेदन Website मा upload गरि दिनु पर्ने।

नोट : प्रयोगशालाले सेवाग्राहीलाई दिइने रिपोर्टको पानाका पुछारमा ***"यो रिपोर्ट प्राप्त गरे पछि स्वास्थ्यकर्मीलाई भेटी थप सल्लाह लिनुहोस "*** भन्ने वाक्य राख्ने व्यवस्था मिलाउनु पर्दछ।

३.४ गुणस्तर सुनिश्चतताः परीक्षणको प्रकृया र मापदण्ड र प्रयोगशालाको मापदण्डको स्वतन्त्र निकाय (प्रयोगशाला) बाट अनुगमन परीक्षण हुनु पर्दछ। DNA विधिबाट HPV परीक्षण गर्ने प्रयोगशाला राष्ट्रिय गुणस्तर परीक्षण प्रणाली (NEQAS/EQAS) मा आवद्ध हुनु पर्दछ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट हरेक ६ महिनामा गुणस्तर परीक्षण गरिने छ। परिक्षण गर्ने प्रयोगशालाले प्रथम पटक DNA विधिबाट HPV परीक्षण गरिएका नमुनाहरू मध्ये १० वटा (पोजेटिभ नजिता भएका) नमुना राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउनु पर्नेछ ।

३.५ नमुना परीक्षणको नतिजा संकलनः प्रदेश जनस्वास्थ्य प्रयोगशालाले परीक्षणका लागि नमुनामा पठाउने स्थानीय तहको नाममा User ID create गरी password उपलब्ध गराउनु पर्दछ। स्थानीय तहले परिक्षण गर्ने प्रयोगशालाको Website login (उदाहरणका लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको website, https://report.nphl.mavorion.com/)



गरी View test report मा सम्बन्धित व्यक्तिको ID No अनुसार नतिजा प्राप्त गर्नु पर्दछ। प्राप्त नतिजा पठाएको नमुनासंग भिडान गरी नमुना सम्बन्धित स्वास्थ्य संस्थालाई उपलब्ध गराउनु पर्दछ।
Online प्रतिवेदन प्रणाली नभएको खण्डमा प्रयोगशालाले परीक्षणको नतिजा नमुनासमथ प्राप्त अनुसूची १ अनुसारको फाराममा नतिजा उल्लेख गरि सम्बन्धित स्थानीय तहमा नमुना प्राप्त भएको मितिले १० दिन भित्र पठाउनु पर्दछ।

३.६ **नमुनाको नतिजा प्राप्तिः** परीक्षणको नतिजा प्राप्त भए पछि स्वास्थ्य संस्था/ स्वास्थ्यकर्मीले निम्नानुसार व्यवस्थापन गर्नु पर्दछ।

- संकलित नतिजाहरूलाई नेगेटिभ र पोजेटिभ अलग अलग छुट्याउनु होस।
- नाम उमेर ID No. भिडान गरी सम्बन्धित व्यक्तिको नमुना भएको सुनिश्चित गर्नु होस्। सो को अभिलेख प्रजनन रूग्णता सेवा रजिष्टरमा राख्नु होस्।
- परीक्षण गरिएका नमुनाको नतिजा गोप्य राख्नु होस।
- पोजेटिभ नतिजा भएका सेवाग्राहीलाई स्वास्थ्य संस्थामा सम्पर्क गर्न बोलाउनु होस।
- नेगेटिभ नतिजाको हकमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका वा अन्या आधिकारीक माध्यमबाट सेवाग्राही महिलालाई उपलब्ध गराउने व्यवस्था मिलाउनु होस।

३.७ **परीक्षण पछिको परामर्शः** पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ का लागि संकलित नमुनाको नतिजा प्राप्त भए पछि सेवाग्राहीलाई परीक्षणको नतिजा उपलब्ध (नमुना संकलन भएको ३० दिन भित्र) गराई निम्नानुसार परामर्श गर्नु पर्दछ।

नेगेटिभ नतिजा	पोजेटिभ नतिजा
• महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका मार्फत वा आधिकारीक माध्यमबाट सेवाग्राहीलाई परीक्षण नतिजा नेगेटिभ आएको जानकारी दिदै ५ वर्ष पछि पुनः स्क्रिनिङ गर्नु पर्ने कुराको जानकारी गर्नु पर्दछ। • तर यौन सम्पर्क पछि रगत देखा परेमा वा महिनावारीको वीच वीचमा रगत देखा परेमा वा योनीवाट गन्धसहितको पानी बगेमा स्वास्थ्यकर्मीसंग परामर्श लिनु पर्ने कुराको जानकारी गराउनु पर्दछ।	• सेवाग्राही महिलालाई स्वास्थ्य संस्थामा बोलाई निम्नानुसार परामर्श दिनु पर्दछ। • नतिजा पोजेटिभ हुनु भनेको शरीरमा Human Papilloma Virus रहेको अवस्था हो भन्ने कुरा जानकारी दिनु होस्। • क्यान्सर भएको अवस्था हैन जोखिमको अवस्था मात्र हो भनेर सान्त्वना दिनु होस। • यो भाइरस आफै हराएर पनि जान सक्दछ भन्ने कुरा जानकारी दिनु होस। • थप परीक्षण (VIA वा Colposcopy) गर्नु पर्ने जानकारी दिनु होस। • VIA वा Colposcopy परीक्षण यसै संस्थामा हुन सक्ने वा अन्य संस्थामा जानु पर्ने कुराको जानकारी गराउनु होस।

HPV-DNA विधिबाट स्क्रिनिङ सम्बन्धी Algorithm



*Ablative procedure उपचार गर्नु पर्ने अवस्था।

(क) Aceto-white lesions covering less than 75% of the transformation zone of the cervix.

(ख) क्यान्सर पूर्वको अवस्था (Pre cancer lesion) को सबै भाग पूर्ण रूपमा देखिएको हुनु हुदैन

(ग) महिला गर्भवती भएको हुनु हुदैन।

(घ) महिलाको योनी र पाठेघरको मुखमा गम्भीर संक्रमण भएको हुनु हुदैन।

(ङ) महिनावारी भएको समय हुनु हुदैन।

यदि Ablative Procedure बाट उपचार गर्न योग्य अवस्था नभएमा LEEP विधिबाट उपचार उपलब्ध भएको स्वास्थ्य संस्थामा प्रेषण गर्नु होस।

३.८ थप परीक्षण र उपचार व्यवस्थापन र प्रेषण: स्थानीय तहले नमुनाको नतिजा पोजेटिभ आएका महिलाको थप परीक्षण (VIA वा Colposcopy) र उपचार (Thermal ablation) सम्बन्धमा निम्नानुसार गर्नु पर्दछ।

(क) आधारभूत अस्पताल तथा तालिम प्राप्त स्वास्थ्यकर्मी भएका स्वास्थ्य संस्थाबाट नियमित VIA र उपचार (Thermal ablation) गर्ने व्यवस्था मिलाउनु पर्दछ।

(ख) नियमित सेवा उपलब्ध गराउन नसकिने अवस्थामा निश्चित दिन तोकी तालिम प्राप्त स्वास्थ्यकर्मी परिचालन गरी थप परीक्षण र उपचार व्यवस्था मिलाउनु पर्दछ ।

(ग) (क) र (ख) बमोजिम सेवा उपलब्ध नभएमा प्रेषण पूर्जा सहित सुविधायुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्दछ । यसरी प्रेषण गरिएका सेवाग्राहीको उपचार भए नभएको सुनिश्चित गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(घ) नतिजा पोजेटिभ आएतापनि स्वास्थ्य संस्थामा सम्पर्क राख्न नआएका महिलाहरूको महिला सामुदायिक स्वयम सेविका वा अन्य व्यक्ति परिचालन गरी खोजी गर्नु पर्दछ ।

भाग ४

विविध

४.१ अभिलेख प्रतिवेदनः HPV DNA विधिबाट स्क्रिनिङ र उपचार व्यवस्थापन तथा प्रेषण गरेको अभिलेख निम्नानुसारका फारामहरूमा राख्नु पर्दछ । प्रजनन रूग्णता सेवा रजिष्टरमा अभिलेख भएको HPV DNA Screening उपचार र प्रेषण को विवरण महिना समाप्त भएको ७ दिन भित्र तोकिएको संस्थामा प्रतिवेदन गर्नु पर्दछ वा स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली अन्तर्गत online reporting system (DHIS 2) मा प्रविष्टि गर्नु पर्दछ ।

४.१.१ स्वास्थ्य सेवा कार्ड (HMIS 1.2)

स्वास्थ्य संस्था वा गाउँघर क्लिनिकमा स्वास्थ्य सेवा दिएको विवरण यसमा उल्लेख गरी यो कार्ड सेवाग्राहीलाई प्रदान गरिन्छ । स्वास्थ्य सेवा लिनआउने सेवाग्राहीलाई बहिरङ्ग सेवा, कुष्ठरोग सेवा,परिवार नियोजन सेवा तथा अन्य स्वास्थ्य सेवा दिन र दोहोऱ्याएर आएमा पहिले दिएको सेवा र उपचार हेरी आगामी सेवा दिनका लागि यस कार्डको प्रयोग गर्नुपर्दछ । यस कार्डको महŒव सेवाग्राही र सेवाप्रदायक दुवैका लागि हुने भएकाले स्वास्थ्य सेवाको क्रममा र ठीक भइसकेपछि पनि नमासिने र नहराउने गरी सुरक्षित राख्न सल्लाह दिनुपर्दछ र साथै हरेक पटक स्वास्थ्य सेवालिन आउँदा सेवाग्राहीले यो कार्ड अनिवार्य रूपमालिई आउनुपर्दछ ।

कार्डको नमुना :

परिवार नियोजन ... ... दर्ता नं.

मिति	जाँच परिक्षण	उपचार र सल्लाह	फर्कर आउने मिति	सेवा प्रदायकको सही

प्रजनन् स्वास्थ्य रूग्णता सेवा ... ... दर्ता नं.

मिति	जाँच परिक्षण	उपचार र सल्लाह	फर्कर आउने मिति	सेवा प्रदायकको सही

HMIS 1.2: Health Service Card

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

जिल्लाः ... ... स्वास्थ्य संस्थाको नामः ... ...

स्वास्थ्य सेवा कार्ड

मुल दर्ता नं.		नाम, थर	जाती कोड	लिङ्ग	उमेर
ORC दर्ता नं.					

ठेगाना	जिल्ला	नगर/गाउँपालिका	वडा नं.	सम्पर्क नं.

मिति (ग.म.सा.)	ओ.पि.डि. दर्ता नं.	शिकायत / निदान	उपचार र सल्लाह

कार्ड भर्ने तरिका :

महल शीर्षक	**निर्देशन**
जिल्ला	स्वास्थ्य संस्था रहेको जिल्लाको नाम लेख्नुपर्दछ ।
स्वास्थ्य संस्थाको नाम	सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाको नाम लेख्नुपर्दछ ।
मूलदर्ता नं.	मूलदर्ता रजिस्टरको दर्ता नं. लेख्नुपर्दछ ।
सेवा दर्ता नं.	क्लिनिकमा सेवा लिन आएको सेवाग्राहीको दर्ता नं. लेख्नुपर्दछ ।
नाम, थर, जातिकोड, लिङ्ग, उमेर	सेवाग्राहीको नाम, थर, जातिकोड, लिङ्ग र उमेर सम्बन्धित कोठामा लेख्नुपर्दछ । उमेर लेख्दा पूरा गरेको उमेर (वर्षमा) लेख्नुपर्दछ ।
ठेगाना	सेवाग्राहीको ठेगाना जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँपालिका र वडा नम्बर र सम्पर्क फोन नं. सम्बन्धित कोठामा लेख्नुपर्दछ ।
मिति	सेवा लिएको दिनको मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ । यो कार्ड वर्षभरि नै प्रयोग गरिने हुँदाअर्को पटक सेवा लिन आउँदा पुन :मिति लेख्नुपर्दछ ।
ओ.पी. डी. दर्ता नं.	यदि सेवाग्राही सामान्य उपचारको लागि आएको भए दैनिक बिरामी रजिस्टरको दर्ता नं. चढाउनुपर्दछ । अर्को पटक नयाँ रोग लागेर आएमा नयाँदर्ता नं. लेख्नुपर्दछ ।
सिकायत र निदान	बिरामीको सिकायत र समस्या सुनी निजलाई के भएको हो, सो निदान गरी लेख्नुपर्दछ ।
उपचार र सल्लाह	बिरामीको रोगको निदान गरिसकेपछि निजलाई दिइएको उपचार, सल्लाहवा प्रेषण आदिको विवरण यस महलअन्तर्गत लेख्नुपर्दछ ।
प्रजनन् स्वास्थ्य रुग्णता सेवा.....दर्ता नं.	प्रजनन स्वास्थ्य रुग्णता .... (खाली ठाउँ)मा सेवाको नाम लेखी दर्ता नं. लेख्नुपर्दछ ।
जाँच परीक्षण	प्रजनन् स्वास्थ्य रुग्णता सेवा लिन आएको व्यक्तिको रक्तचाप आदि जाँच तथा परीक्षण गरिएको ब्यहोरा यस महलमा लेख्नुपर्दछ ।
उपचार सल्लाह	प्रजनन् स्वास्थ्य रुग्णता सेवा लिन आएको व्यक्तिलाई दिएको उपचार सल्लाह लेख्नुपर्दछ ।
फर्केर आउने मिति	प्रजनन् स्वास्थ्य रुग्णता सेवा लिन आउने सेवाग्राही सेवा निरन्तरताको लागि पुन: आउनुपर्ने मिति लेख्नुपर्दछ ।
सेवा प्रदायकको सही	प्रजनन् स्वास्थ्य रुग्णता सेवा प्रदायक स्वास्थ्यकर्मीले सेवा प्रदान गरेपश्चात् कार्ड भरी सही गर्नुपर्दछ ।

४.१.२ प्रेषण पूर्जा(HMIS 1.4) : सेवा लिन आउने बिरामी वा सेवाग्राहीहरूलाई तोकिएको सेवा लिन अनुकूल पर्ने गरी अर्को स्वास्थ्य संस्थामा स्थानान्तरण/प्रेषण गर्नुपर्दा यस फारामको प्रयोग गर्नुपर्दछ । सेवा लिन आउने प्रेषण गरिएको संस्थाले आएको व्यक्तिलाई सेवा प्रदान गरी प्रेषण गरी पठाउने संस्थालाई अनिवार्य रूपले फिर्ता जानकारी दिनुपर्नेछ ।

पुर्जाको नमुना :

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

प्रेषण/स्थानान्तरण पूर्जा

मितिः ... ... / ... ... / २० ...

१. संस्थाको नाम, ठेगानाः २. सम्पर्क नं.

३. सेवाग्राहीको नाम, थरः ४. लिङ्गः ५. उमेरः

६. ठेगानाः जिल्लाः नगर/गाउँपालिका: वडा नं.

७. लिइरहेको सेवाः ८. सम्पर्क गर्नुपर्ने मितिः / / (ग.म.सा.)

९. अवस्थाः	BP	Pulse	Temp	Respiration	Weight (kg)	Height (cm)	MUAC (mm)	Edema on both Feet
								(+ / + + / + + +)

१०. उपचार विधि वा रेजिमेनः

११. प्रयोग भएको औषधीः

१२. अन्य परिक्षण गर्नपर्ने भए उल्लेख गर्नेः

१३. स्थानान्तरण/ प्रेषण गरिनुको कारणः

१४. अन्य केही भए उल्लेख गर्नेः

क्षयरोगका बिरामीको लागि थप बिवरण		
क्षयरोगको प्रकारः		
दर्ता बर्गिकरणः		
खकार परिक्षण नतिजा		
मिति	ल्याब नं.	परिणाम
अन्य परिक्षणको नतिजा		

श्री ... ...
... ...

यस संस्थामा सेवा लिन आएका उपरोक्त विवरण भएका व्यक्तिलाई आवश्यक सेवाका लागि त्यहाँ पठाइएको छ। सम्पर्क गर्न आएपछि फिर्ति जानकारी पठाई दिन हुन अनुरोध छ।

प्रेषण / स्थानान्तरण गर्नेको नामः पदः सहीः

नोटः सेवा लिन आउने बिरामीहरुरसेवाग्राहीहरु तोकिएको सेवा लिन अनुकूल पर्ने गरी स्थानान्तरण प्रेषण गर्नु पर्दा यो फाराम प्रयोग गर्नु पर्दछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

प्रेषण/स्थानान्तरण पूर्जा

(सेवा दिएको विवरण तथा फिर्ती जानकारी)

मितिः ... ... / ... ... / २० ...

फिर्ती जानकारी पठाइएको संस्था श्री ... ...
... ...

सेवाग्राहीको नाम, थरः

लिङ्गः उमेरः ठेगानाः जिल्लाः

नगर/गाउँपालिका: वडा नं.

सम्पर्क गर्न आएको मितिः ... ... / ... ... / २० ...

दिइएको सेवाः

फिर्ती जानकारी दिनेको नामः

पदः सहीः

मितिः ... ... / ... ... / २० ...

फिर्ती जानकारी दिने संस्थाको नामः

ठेगानाः	जिल्लाः	नगर/गाउँपालिका	वडा नं.

भर्ने तरिका :

शीर्षक	शीर्षक भर्ने तरिका
मिति	स्थानान्तरण/प्रेषण गरेको मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ।
संस्थाको नाम, ठेगाना	हालसम्म सेवा लिइरहेको स्वास्थ्य संस्थाको नाम र ठेगाना स्पष्ट लेख्नुपर्दछ।
सम्पर्क नं	स्थानान्तरण/प्रेषण गरेको स्वास्थ्य संस्थाको सम्पर्क नं. लेख्नुपर्दछ।
सेवाग्राहीको नाम, थर	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिको नाम, थर लेख्नुपर्दछ।
लिङ्ग	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिको लिङ्ग लेख्नुपर्दछ।
उमेर	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिको उमेर पूरा भएको वर्षमा लेख्नुपर्दछ।
ठेगाना	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिको जिल्ला, महानगर/उपमहानगर/नगर/गाउँपालिका र वडा नम्बर, गाउँ र टोलसमेत लेख्नुपर्दछ
लिइरहेको सेवा	व्यक्तिलाई स्थानान्तरण/प्रेषण गरी पठाउनुभन्दा अगाडि देखिएका समस्याका सन्दर्भमा के–के सेवा प्रदान गरिएका थिए, सो लेख्नुपर्दछ।

सम्पर्क गर्नुपर्ने मिति	स्थानान्तरण गरिने व्यक्तिलाई प्रदान गरिने सेवालाई नियमितता दिन प्रेषण/ स्थानान्तरण गरिएको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्ने मिति (गते, महिना, सालमा) लेख्नुपर्दछ।
बिरामीको अवस्था	स्थानान्तरण/प्रेषण गरी पठाइने बिरामीको BP, Pulse, Temperature, Respiration, Weight, Height, MUAC, Odema on both feet आदिको विवरण आवश्यकता अनुसार लेख्नुपर्दछ।
उपचार विधि	स्थानान्तरण/प्रेषण गरिएको व्यक्तिलाई प्रेषण गर्नुभन्दा अघि कुन विधिबाट उपचार दिइराखिएको थियो, सोबारे लेख्नुपर्दछ।
प्रयोग भएका औषधिहरू	प्रयोग भएको औषधिहरूको नाम तथा परिमाण लेख्नुपर्दछ।
अन्य परीक्षण गर्नुपर्ने भए उल्लेख गर्ने	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिलाई अन्यकुनै परीक्षण समेत गर्नुपर्ने भए परीक्षणको विधि वा प्रकार लेख्नुपर्दछ।
स्थानान्तरण/प्रेषण गरिनुको कारण	सेवाग्राहीलाई के कारणले वाकुन सेवाका लागि स्थानान्तरण/प्रेषण गरिएको हो, सो कारण विस्तृत रुपमा यस महलमा खुलाउनुपर्दछ।
अन्य केही भए उल्लेख गर्ने	स्थानान्तरण/प्रेषण गरिने व्यक्तिका बारेमा माथि उल्लेख गरिएका विवरणबाहेक अन्य केही उल्लेख गर्नुपर्ने भए यस महलमा उल्लेख गर्नुपर्दछ। श्री को पछाडि खाली रहेको भाग .... मा स्थानान्तरण/प्रेषण गरिने स्वास्थ्य संस्थाको पूर्ण विवरण भरी तल स्थानान्तरण र प्रेषण गर्नेको नाम, पद र सहीसमेत उल्लेख गर्नुपर्दछ
पुर्जाको अधकट्टी भाग (सेवा दिएको विवरण तथा फिर्ती जानकारी)	
फिर्ती जानकारी पठाइएको संस्था	स्थानान्तरण/प्रेषण गर्ने स्वास्थ्य संस्थाको नाम र ठेगाना (जिल्ला, महानगर/ उपमहानगर/नगर/गाउँपालिका र वडा नम्बरं) लेख्नुपर्दछ।
सेवाग्राहीको नाम थर, लिङ्ग, उमेर, ठेगाना	सेवालिने व्यक्तिको नाम, थर, उमेर,लिङ्ग र पूरा ठेगाना लेख्नुपर्दछ।
सम्पर्क गर्न आएको मिति	स्थानान्तरण/प्रेषण भई स्वास्थ्य संस्थामा सम्पर्क गर्न आएको मिति लेख्नुपर्दछ।
दिइएको सेवा	स्थानान्तरण/प्रेषण भई आएको स्वास्थ्य संस्थाले दिएको सेवाको विवरण लेख्नुपर्दछ।
फिर्ती जानकारी दिनेको विवरण	फिर्ती जानकारी दिने व्यक्तिले नाम, पद र मिति खुलाई सही समेत गर्नुपर्दछ।
फिर्ती जानकारी दिने संस्थाको नाम र ठेगाना	फिर्ती जानकारी दिने संस्थाको नाम, ठेगाना लेख्नुपर्दछ।

४.१.३. प्रजनन स्वास्थ्य रूग्णता सेवा रजिष्टर (HMIS3.8)

स्वास्थ्य संस्थाबाट प्रदान गरिएको प्रजनन् रूग्णता सेवा अन्तर्गत पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर,आङ खस्ने समस्या तथा अब्सटेट्रिक फिस्टुलाको स्क्रिनिङ्ग, उपचार ब्यबस्थापन तथा प्रेषण सेवाको अभिलेख राख्न यस रजिस्टरको प्रयोग गरिन्छ। शिविर मार्फत प्रदान गरिएको प्रजनन् रुग्णता सेवाको अभिलेख पनि यसै रजिस्टरमा राख्नु पर्दछ। प्रजनन् रूग्णता सम्बन्धी घुम्ती शिविर जुन वडामा सञ्चालन भएको हो सोही वडामा रहेको स्वास्थ्य संस्थामा अभिलेख गर्नु पर्दछ।

रजिस्टरको नमुना :

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

प्रजनन स्वास्थ्य रूग्णता सेवा रजिष्टर

REPRODUCTIVE HEALTH MORBIDITY SERVICE REGISTER

मुल दर्ता नं.	दर्ता नं		दर्ता मिति			सेवाग्राहीको नाम थर		जाति कोड*	उमेर	सेवाग्राहीको ठेगाना				स्क्रीनिङ विधि			नतिजा			Confirmatory diagnosis	उपचार विधि		
	नयाँ	पुरानो	गते	महिना	साल	नाम	थर			जिल्ला	नगर/गाउँ पालिका	वडा नं.	सम्पर्क नं.	VIA	HPV	Pap Smear	Positive	Negative	Suspect Cancer	Colposcopy± Biopsy	Ablative treatment	LEEP	Other
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९	२०	२१	२२	२३	२३
														1	2	3	1	2	3	1	1	2	3
														1	2	3	1	2	3	1	1	2	3

रजिष्टर भर्ने तरिकाः

महल नं	शिर्षक	निर्देशन
१	मुल दर्ता नं	मुल दर्ता रजिष्टरमा दर्ता गरि प्रदान गरिएको मूल दर्ता नम्बर यस महलमा लेख्नुपर्दछ ।
२-३	दर्ता नं (नयाँ/पुरानो)	सेवाग्राहीलाई दर्ता गर्दा प्रत्येक आ.व. मा नयाँ दर्ता नं दिई सुरू गर्नुपर्दछ। सेवाग्राही दोहोर्याई आएमा पुरानो महलमा सुरूको दर्ता (नयाँ दर्ता हुदाँको) नम्बर लेख्ननु पर्दछ।
४-६	मिति (गते/महिना/साल)	सेवा प्रदान गरेको गते महिना र साल यस महलमा लेख्नुपर्दछ ।
७-८	सेवाग्राहीको नाम	सेवाग्राही माहिलाको पुरा नाम, थर सम्बन्धित महलमा लेख्नुपर्दछ ।
९	जात/जातिको (कोड)	यस महलमा सेवाग्राहीको जातजाती यकिन गरी (रजिस्टरमा उल्लेख भए अनुसार), त्यही समूहको कोड न लेख्नु पर्दछ।जस्तै ०१,०२..
१०	उमेर	सेवाग्राही महिलाले पुरा गरेको उमेर यस महलमा लेखनुपर्दछ।
११-१३	सेवाग्राहीको ठेगाना	सेवा लिन आउने सेवाग्राहीको हालको ठेगाना (जिल्ला, नगर,गाउँ/पालिका, टोलको नाम) सम्बन्धित महलमा लेख्नुपर्दछ।
१४	सम्पर्क नं	सेवाग्राही वा निजको नजिकको ब्यक्तिको सम्पर्क फोन नम्बर यस महलमा लेख्नुपर्दछ।
१५-२४ पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ र उपचार		
१५-२४	स्क्रीनिङ्ग विधि (महल १५-१७)	पाठेघरको मुखको क्यान्सरको पत्ता लगाउन Human Papilloma Virus DNA विधिबाट स्क्रिनिङ गरिएमा महल १६ कोड २ मा गोलो लगाउनु पर्दछ।
	पहिचानको नतिजा (महल १८-२०)	पाठेघरको मुखको क्यान्सरको पत्ता लगाउन गरिएको स्क्रीनिङ्गको नतिजा Negative भएमा महल १८ कोड १, Positive भएमा महल १९ कोड २ र Suspected cancer भएमा महल २० कोड ३ मा गोलो लगाउनु पर्दछ ।
	Confirmatory diagnosis (२१)	Confirmatory diagnosis का लागि colposcopy± Biopsy गरिएको भए यस महलको कोड १ मा गोलो लगाउनु पर्दछ।
	उपचार बिधी (महल नं २२-२४)	पाठेघरको मुखको क्यान्सरको उपचार Ablative treatment (Cryotherapy , thermal ablation -Thermo-coagulation / cryotherapy) विधिबाट गरिएमा महल २२ कोड १ मा LEEP विधिबाट उपचार गरिएमा महल २३ कोड २मा र कोड १ र कोड २ बाहेक अन्य उपचार भएमा महल २४ कोड ३ गोलो लगाउनु पर्दछ।

४.२ जनचेतना, स्वास्थ्य शिक्षा सूचना र सञ्चारः राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, प्रदेश तथा स्थानीय तहले पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ ,उपचार र रोकथाम सम्बन्धी सूचना शिक्षा सञ्चार सामग्री तयार गरी स्वास्थ्य संस्थाहरूमा आपूर्ति गर्नु पर्नेछ ।

४.३ परामर्शः स्वास्थ्य संस्थाले निम्नानुसार सेवा लिन आएका लक्षित महिलाहरूलाई पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ ,उपचार र रोकथाम सम्बन्धी परामर्श दिनु पर्दछ ।

- प्रसूति रोग् सम्बन्धी स्वास्थ्य उपचार सेवा,
- बाँझोपन उपचार सेवा,
- गर्भपतन सेवा,
- आङ खस्ने स्क्रिनिङ शिविर,
- सुत्केरी पछिको सेवा,
- यौन रोग उपचार सेवा,
- आइ यू सि डी राख्दा वा झिक्दा,
- गर्भ जाँच सेवा,
- परिवार नियोजन सेवा,
- खोप क्लिनिक
- गाउँघर क्लिनिक,
- घुम्ति शिविर,
- आमा समूहमा जानकारी गराउने
- नियमित खोप गाउँघर क्लिनिक
- खोप अभियान भिटामिन ए वितरण,

४.३.१ परामर्श दिदा ध्यान दिनु पर्ने कुराहरू

- परामर्श दिदा सेवा ग्राहीको अनुहारमा हेरेर कुराकानी गर्ने ।
- परामर्श गर्दा भाषा सरल र वोली मित्रवत हुनु पर्दछ
- परामर्श दिदा सूचना शिक्षा सामग्री(पोष्टर पम्लेट)को प्रयोग गर्नु पर्दछ ।
- विषय वस्तुवारे सेवाग्राहीको जानकारीको स्तर जाँच गर्नू पर्दछ
- सेवाग्रहीको शंका डर चिन्ता वारे राम्रो संग सुन्नु पर्दछ
- सेवा ग्राहीलाई रोग बारे पूर्ण जानकारी दिनु पर्दछ ।
- यस अघिको उपचार र स्क्रिनिङ वारे जानकारी लिनु पर्दछ ।
- सेवा ग्राहीलाई प्रश्न सोध्न प्रोत्साहन गर्नु होस
- खुला प्रश्न सोध्ने
- हाउभाउ हसिलोपना देखाउने
- सेवाग्राहीको धार्मिक सास्कृतिक मुल्य मान्यताको ख्याल राख्नु पर्दछ

४.४ अभिमुखीकरण: निम्नानुसारका विषयहरू समावेश गरी HPVDNA विधिबाट पाठेघरको मुखको क्यान्सर स्क्रिनिङवारे स्वास्थ्य व्यवस्थापक, स्वास्थ्यकर्मी, प्रयोगशालाकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयम सेवकहरूलाई १ दिने अभिमुखिकरण गरिनेछ ।

Health Manager	FCHV orientation	Health service provider	Lab person
- Overview on CCSP program, Legal framework, Guideline on CCSP - Importance of HPV DNA test - HPV vaccine and its importance in prevention of cervical cancer - Target population - Screening intervals - Sample collection procedures. - Sample storage and transportation. - Procurement, storage, and distribution of commodities - Laboratory performing tests. - Recording and reporting - Communication and coordination - Management of positive and negative cases - Referral mechanism - Cost estimation and resource allocation	- What is cervical cancer? causes risk factor, prevention - Importance of HPV DNA test - Target population - Screening intervals - Methods of self-sampling - Demonstration process of sample collection using flipcharts - Sample storage and transportation. - Labelling of the samples - Health education (Pre and post HPVDNA test result) - HPV vaccine and its importance in prevention of cervical cancer	- What is cervical cancer? - How HPV causes cervical cancer? - HPV vaccine and its importance in prevention of cervical cancer - Importance of HPV DNA test - Target population - Screening intervals - Methods of sample collection - Demonstration process of sample collection. - Sample storage and transportation. - Labelling of the samples - Management of positive and negative cases - Counselling (Pre and post HPV test result) - Case referral - Recording and reporting	- Receiving of the samples ○ Sample matching with submitted forms. ○ Sample rejection criteria. - Recording details samples submitted - Sample storage. - Test procedure. - Recording and reporting - Program implementation Local level/ District.

४.५ आपूर्ति व्यवस्थापन: HPVDNA परीक्षणकालागि आवश्यक पर्ने reagent,VTM with swab or brush व्यवस्थापन महाशाखाले प्रादेशिक आपूर्ति व्यवस्थापन केन्द्रमा पठाउनु पर्दछ । प्रदेश आपूर्ति व्यवस्थापन केन्द्रले VTM with swab or brush स्वास्थ्य कार्यालयमा र Reagent प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा पठाउनु पर्दछ । स्वास्थ्य कार्यालयले VTM with swab or brush लगायतका सामग्रीहरू सम्बन्धित स्थानीयतहमा आपूर्ति गर्नु पर्दछ ।



४.६ बारम्वार सोधिने प्रश्नहरू:

प्रश्नः के सेवाग्राहीले घरमा गएर नमुना सङ्कलन गर्न सक्दछन ?

उत्तरः सेवाग्राहीले आफै नमूना संकलन गर्न सक्दछन तर हाललाई स्वास्थ्य संस्था/शिवरिमा आएर नमुना संकलन गर्नु पर्दछ ।

प्रश्नःके योनीबाट पानी बग्ने, योनी चिलाउने जस्ता समस्याहरू भएको अवस्थामा नमुना सङ्कलन गर्न मिल्छ?

उत्तरः मिल्दैन ।

प्रश्नः के महिनावारी (रजस्वला) भएको अवस्थामा नमुना सङ्कलन गर्न मिल्छ ?

उत्तरः मिल्छ तर सामन्यतया गारिदैन ।

प्रश्नः के नमुनाको नतिजा पोजिटिभ भनेको क्यान्सर भएको अवस्था हो ?

उत्तरः होइन, शरीरमा Human papilloma virus रहेको अवस्था मात्र हो । क्यान्सर भएको हो वा होईन भन्नका लागि थप परीक्षण गर्न आबश्यक छ भन्ने जानकारी पाप्त गर्ने अवस्था हो ।

प्रश्नः थप परिक्षण चाहिने भए किन स्क्रिनिङ किन गर्ने ?

उत्तरः स्क्रिनिङले क्यान्सर हुनु पूर्वको अवस्थाका बारेमा जानकारी दिन्छ । र समयमै आवश्यक परिक्षण वर उपचार गरी रोगबाट हुने हानि बाट बच्न सकिन्छ ।

प्रश्नः गर्भवती महिलाले नमुना सङ्कलन गर्न मिल्छ कि मिल्दैन?

उत्तरः सुत्केरी भएको १४ हप्ता भित्र संकलन गर्नु पर्दछ ।

प्रश्नः मैले HPV खोप लगाएको छु के स्क्रिनिङ गर्न आवश्यक छ ?

उत्तरः **HPV खोप लगाए महिलाले पनि पाठेघरकको मुखको क्यान्सरको नियमित स्क्रिनिङ गर्नु पर्दछ**

प्रश्नः परिवार नियोजनको अस्थाई साधनको प्रयोग गरिरहेको अवस्थामा नमुना सङ्कलन गर्न मिल्छ ?

उत्तरः मिल्छ ।

प्रश्नः के यौन सम्पर्क नगर्ने महिलाई पाठेघरको मुखको क्यान्सर हुदैन ?

उत्तरः यो यौन संम्पर्कबाट सर्छ र एकपटक पनि यौन सम्पर्क नगरेका महिलाई पाठेघरको मुखको क्यान्सर हुदैन ।

प्रश्नः किन ३० वर्ष माथीका उमेर समूहका महिलाको मात्र स्क्रिनिङ गरीन्छ ?

यौन सम्पर्क नगर्ने महिलाई पाठेघरको मुखको क्यान्सर हुदैन ?

उत्तरः यौन सम्पर्क नगर्ने महिलाई पाठेघरको मुखको क्यान्सर हुदैन ,

उत्तरः शरीरमा जिवाणु प्रवेश गरेको १० १५ वर्ष पछिमात्र क्यान्सर विकास हुन सक्ने अध्ययनले देखाएकोले सामन्यता ३० वर्ष पछि मात्र स्क्रिनिङ गरिन्छ । तर HIV संक्रमित महिलाहरूमा जोखिम बढी हुने भएकोले २५ वर्ष पछि नियमित स्क्रिनिंङ गर्नु पर्दछ ।

प्रश्नः के Pap Smear क्यान्सर पत्ता लगाउने उपयुक्त विधि हो ?

उत्तरः Pap Smear पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ गर्ने एक विधि हो । यस विधिबाट परिक्षण गरिने नमूना संकलन गर्न विज्ञ व्यक्ति र संस्थागत संरचना आवश्यक पर्दछ । साथै यस प्रकारको जाँचले क्यान्सर भएका मध्ये ३० प्रतिशत मात्र पत्ता लाग्दछ ।

प्रश्नः HPV DNA परीक्षणको नतिजा Positive आएको १ वर्ष भन्दा अघी परीक्षण किन गरिदैन ।

उत्तरः एक वर्ष भित्र परिक्षण गर्दा नतिजा पोजेटिभ नै आउदछ किनकी शरीरमा रहेको HP Virus निख्रिन १ वर्ष बढी समय लाग्छ ।

अनुसूची १

नमूना संकलन तथा नतिजा फाराम

स्क्रिनिङ गर्ने स्वास्थ्य संस्थाले भर्ने					प्रयोगशालाले भर्ने				
सि.न.	दर्ता नं	सेवा ग्राहीको नाम सम्पर्क नं	उमेर	संकलन मिति	नमूना प्राप्त मिति	योग्य नमूना	अयोग्य नमूना	परीक्षण मिति	नतिजा

अनुसूची २

नमुना परीक्षण अनुरोध पत्रको नमुना

..........................नगरपालिका/गाउँपालिका

..

श्री..

....

विषयः नमुना परीक्षण सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा पाठेघरको मुखको क्यान्सर स्क्रिनीङका लागि संकलित नमुनाहरू यसै पत्रसाथ संलग्न राखि पठाइएको छ। उक्त नमुनाहरूको परीक्षण गरी नतिजा उपलब्ध गराई दिन हुन अनुरोध छ।

हस्ताक्षर

नाम

पद

पत्र साथ प्राप्त नमुनायुक्त .... थान VTM टयूव बुझिलिए।

हस्ताक्षर

नामः

मितिः संस्थाको छाप